01C

फोन: ०८२-५२३०७८,५२०२००
ईमेल : hgao.tulsipur@ag.gov.np

# उच्च सरकारी वकील कार्यालय

## तुलसीपुर, दाङ

(मुद्दा शाखा)

प.सं. :- ०७९।०८०
च.नं. :- १४३५

मिति २०८०/०१/२०

विषय : <u>परिपत्र सम्वन्धमा</u> ।

श्री जिल्ला सरकारी वकील कार्यालयहरु

दाङ, रोल्पा, प्यूठान, रुकुमकोट पूर्व ।

उपरोक्त सम्वन्धमा ओमबहादुर चौधरीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी कृष्ण चौधरी भएको **सवारी ज्यान ( ०७८-CS-०१३०) मुद्दामा** अनुसन्धानको क्रममा प्रतिवादीको स्वास्थ्य परिक्षण गर्दा गराउँदा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ तथा फौजदारी कसूरको अनुसन्धान सम्वन्धी नियमावली, २०७५ ले निर्धारण गरे अनुरुपका ढाँचा फारामको प्रयोग नगरी प्रहरी कार्यालयबाट लेखिएको पत्रमै संकुचित रुपले एच.ए. लेखिदिएको व्यहोरालाई नै आधार मानि अभियोजन गरिएकोमा उच्च अदालतबाट त्यसप्रति विश्वस्त नभई मुद्दाको परिणाममै फरक परेको पाइदा अब आइन्दा यस्तो नगर्न नगराउन हुन सम्बन्धित जिल्ला प्रहरी कार्यालयहरुलाई लेखि पठाई सोको प्रभावकारी अनुगमन सहित कार्यान्वयन गर्न गराउन मातहत जिल्ला सरकारी वकील कार्यालयहरुमा समेत परिपत्र गर्नेगरी यस कार्यालयका सहन्यायाधिवक्ताज्यूबाट मिति २०८०/०१/०८ मा निर्णय भएको छ ।

आरोपितको मादक पदार्थ सेवन सम्वन्धी जाँच गर्दा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ दफा २१ र फौजदारी कसूरको अनुसन्धान सम्वन्धी नियमावली, २०७५ को नियम २४ को उपनियम (१) को खण्ड (ग) बमोजिम अनुसूची-१४ को ढाँचामा परिक्षण गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । उक्त संहिता र नियमावली प्रयोग एवं प्रचलनमा आएको लामो समय व्यतित भै सकेको अवस्था छ । उल्लेखित सन्दर्भमा जिल्ला सरकारी वकील कार्यालयहरु दाङ एवं रोल्पाबाट हालै यस कार्यालयमा प्राप्त हुन आएका विभिन्न मिसिलहरुमा संलग्न जिल्ला प्रहरी कार्यालय दाङ, ईलाका प्रहरी कार्यालयहरु तुलसीपुर, भालुवाङ, वडा प्रहरी कार्यालय लमही एवं जिल्ला प्रहरी कार्यालय रोल्पाबाट अभियुक्तको तत्काल पक्राउ पछि स्वास्थ्य परिक्षणको लागि पत्र लेख्ने गरिएको र सोही पत्रको तल पृष्ठमा मा.पा.से. नगरेको अन्य अवस्था सामान्य रहेको, शरीरमा open injury/Scar/Wound लागेको नदेखिएको, शारीरिक र मानसिक अवस्था ठिक रहेको, निज स्वयंले मा.प.से. स्वीकार गरेको भन्ने जस्ता व्यहोरा उल्लेख गरी चिकित्सकको नामनामेसी दर्जा समेत नलेखि परिक्षण गरिदै आएको र उक्त परिक्षण विधिलाई अदालतले मान्यता नदिई आरोपितलाई सफाई दिंदै आएकोले तत् कार्यालयबाट प्रयोग हुँदै आएको पत्र एवं सोही



सहन्यायाधिवक्ता

फोन: ०८२-५२३०७८, ५२०२००
ईमेल : hgao.tulsipur@ag.gov.np

# उच्च सरकारी वकील कार्यालय

## तुलसीपुर, दाङ

(मुद्दा शाखा)

प.सं. :- ०७९।०८०

च.नं. :-

मिति २०८०/०१/२०

पत्रमा उल्लेखित परिक्षण व्यहोराको प्रतिलिपी तथा अदालतमा भएको बकपत्र एवं फैसलाको प्रतिलिपी समेत स्मरणको लागि यसैसाथ पठाएको छ ।

उल्लेखित परिप्रेक्षमा अब आइन्दा कसूरको प्रकृति अनुरुप कुनैपनि कसूरको भौतिक परिक्षण गर्दा गराउँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २१ लाई ख्याल गरी फौजदारी कसूरको अनुसन्धान सम्वन्धी नियमावली, २०७५ को नियम २४ संग सम्बन्धित विभिन्न अनुसूचीहरुमा उल्लिखित ढाँचामा परिक्षण गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

२०८०/०१/२०

..............................
चन्द्रबहादुर सिंजाली
(उपन्यायाधिवक्ता)

**बोधार्थः**

श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाण्डौं ।
(मुद्दा व्यवस्थापन विभाग)